१. नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण विनियमावली, २०७८ मा संशोधन गर्नेबारे।

नेपाल विद्युत प्राधिकरणबाट विद्युत सेवा लिएका ग्राहकहरुले प्राधिकरणलाई तिर्नु वुझाउनुपर्ने महशुल सम्बन्धमा प्राधिकरणबाट जारी भएको छुट विलउपर पुनरावेदन गर्न चाहेमा नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण विनियमावली, २०७८ को विनियम ५५ को उपविनियम (१) बमोजिम निवेदन गर्न सक्ने व्यवस्था रहेको र सो अनुसार निवेदन गर्ने निवेदकको निवेदन सम्बन्धमा विनियम ५६(२) बमोजिमको पुनरावलोकन समितिले ३५ दिनभित्र निर्णय गरी निवेदकलाई लिखित जानकारी दिनुपर्ने व्यवस्था रहेकोमा विशेष प्रकृतिको मुद्दा वा निर्णय उपर पुनरावलोकन गर्नुपर्ने देखिएमा ७५ दिन भित्र निर्णय गर्ने व्यवस्था कायम गर्न उपयुक्त देखिन्छ।

नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा ३५ मा निम्नानुसाको व्यवस्था रहेको छः

प्राधिकरणको कार्य सञ्चालनको लागि यो ऐनको विपरित नहुने गरी प्राधिकरणले आवश्यक विनियमहरु बनाउन सक्नेछ।

प्रशासकीय पुनरावलोकन समितिले पुनरावलोकन गरी निर्णय दिइ सक्नुपर्ने हदम्यादको सम्बन्धमा नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण विनियमावली, २०७८ को विनियम ५५ को (३) मा देहाय बमोजिमको व्यवस्था रहेको छः

५५. प्रशासकीय पुनरावलोकन सम्बन्धी व्यवस्थाः

१) यो विनियमावली बमोजिम भएको कुनै कारवाही तथा निर्णय उपर कुनै ग्राहक वा व्यक्ति वा संस्थालाई चित्त नबुझेको खण्डमा निर्णय कारवाहीको सूचना प्राप्त भएको मितिले ३० दिनभित्र स्थानीय कार्यालयमार्फत वा सोझै विनियम ५६ बमोजिम गठित प्रशासकीय पुनरावलोकन समिति समक्ष निवेदन गर्न सक्नेछ।

तर डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट २०७२ माघदेखि २०७५ बैशाखसम्म विद्युत उपभोग गरी विद्युत महसुल बक्यौता रहेका ग्राहकलाई एकपटकको लागि पुनरावलोकनको अवसर प्रदान गर्न नियमानुसारको धरौटी जम्मा गरी निश्चित समयावधि तोकी प्रशासकीय पुनरावलोकन समितिसमक्ष निवेदनका लागि सूचना जारी गर्न सकिने छ।

२) प्राधिकरणबाट छुट बिलिङ्ग सम्बन्धमा गरिएको निर्णय उपर पुनरावलोकनको निवेदन दायर गर्ने ग्राहकले छुट बिलिङ्ग बापतको ५ प्रतिशत रकम धरौटीस्वरुप जम्मा गर्नुपर्ने छ।

३) उप-विनियम (१) बमोजिम दायर भएको प्रशासकीय पुनरावलोकन उपर पुनरावलोकन समितिले ३५ दिन भित्र निर्णय गरी निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ। प्रशासकीय पुनरावलोकन समितिबाट भएको निर्णय अन्तिम हुनेछ।

नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण विनियमावली, २०७८ को विनियम ५५ को उपविनियम (१) मा उल्लेखित प्रतिवन्धात्मक वाक्यांश अनुसार डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट २०७२ माघ देखि २०७५ बैशाखसम्म विद्युत उपभोग गरी विद्युत महसुल वक्यौता रहेका ग्राहकलाई २०८२ जेष्ठ मसान्तसम्ममा नियमानुसार धरौटी जम्मा गरी प्रशासकिय पुनरावलोकन समिति समक्ष निवेदन पेश गर्न सार्वजनिक सूचना मार्फत जानकारी गराइएको र सो अनुसार पर्न आएका पुनरावलोकन निवेदन उपर अध्ययन गरी निर्धारित ३५ दिनको समय भित्र निर्णय प्रकृया अगाडी बढन नसकेको व्यहोरा सहित समयावधि थपको लागि प्रशासकिय पुनरावलोकन समितिका अध्यक्ष एवम् सञ्चालक श्री श्याम किशोर यादवबाट समितिका अध्यक्षज्यू समक्ष निवेदन पेश हुन आएको छ।

नेपाल विद्युत प्राधिकरणबाट विद्युत आपूर्ति लिएका ग्राहकहरुले प्राधिकरणलाई तिर्नु बुझाउनुपर्ने महशुल सम्बन्धमा प्राधिकरणबाट जारी भएको छुट बिल उपर चित्त नवुझी नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण विनियमावली, २०७८ को विनियम ५५ को उपविनियम (१) बमोजिम पुनरावेदन गर्ने निवेदकहरुको निवेदनका सम्बन्धमा प्रशासकीय पुनरावलोकन समितिले ३५ दिन भित्र निर्णय गरी निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ भन्ने व्यवस्था रहेकोमा विशेष प्रकृतिको मुद्दा वा निर्णय उपर पुनरावलोकन गर्नुपर्ने देखिएमा ७५ दिन भित्र निर्णय गरी निवेदकलाई लिखित जानकारी दिनु पर्ने व्यवस्था कायम हुने गरी नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण विनियमावली, २०७८ (संशोधित सहित) मा संशोधन गर्ने स्वीकृतिका लागि कार्यकारी निर्देशकले समितिसमक्ष प्रस्ताव गर्नुहुँदा विस्तृत छलफल भई देहायबमोजिम निर्णय भयो:

निर्णय:

विशेष प्रकृतिको मुद्दा वा निर्णय उपर पुनरावलोकन गर्नुपर्ने समयावधि सम्बन्धमा देहाय बमोजिम गर्ने:

(क) नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण विनियमावली, २०७८ (संशोधित सहित) मा संलग्न बमोजिम हुनेगरी संशोधन गर्ने।

| विनियम | हाल कायम रहेको व्यवस्था | संशोधन पछि कायम हुने व्यवस्था | संशोधन हुनुपर्ने कारण |
|---|---|---|---|
| ५५ को उपविनियम (३) | ३) उप-विनियम (१) बमोजिम दायर भएको प्रशासकीय पुनरावलोकन उपर पुनरावलोकन समितिले ३५ दिन भित्र निर्णय गरी निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ। प्रशासकीय पुनरावलोकन समितिबाट भएको निर्णय अन्तिम हुनेछ। | ३) उप-विनियम (१) बमोजिम दायर भएको प्रशासकीय पुनरावलोकन उपर पुनरावलोकन समितिले ३५ दिन भित्र निर्णय गरी निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ। तर विशेष प्रकृतिको मुद्दा वा निर्णय उपर पुनरावलोकन गर्नु पर्ने देखिएमा समितिको स्वीकृतिमा पुनरावलोकन समितिले ७५ दिन भित्र निर्णय गर्न सक्नेछ। यस्तो निर्णय गर्न लाग्ने थप समायावधि सम्बन्धमा सम्बन्धित निवेदकलाई लिखित जानकारी गराउनु पर्नेछ। प्रशासकीय पुनरावलोकन समितिबाट भएको निर्णय अन्तिम हुनेछ। | प्रशासकीय पुनरावलोकन समितिले आफ्नो निर्णय टुङ्ग्याउनु पर्ने समय सिमा अपर्याप्त भएकोले थप हुन आवश्यक देखिएको। |

(ख) प्रकरण (क) को व्यवस्था अनुसार २०८२ जेष्ठ मसान्तसम्ममा प्रशासकिय पुनरावलोकन समिति समक्ष निवेदन पेश गरेका डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट २०७२ माघदेखि २०७५ बैशाखसम्म विद्युत उपयोग गरी विद्युत महसुल वक्यौता बाँकि रहेका ग्राहकहरुको पुनरावलोकन निवेदन उपर निर्णय गर्न लाग्ने थप समयावधि सम्बन्धमा सम्बन्धित निवेदकलाई लिखित जानकारी गराउने।